# जैमिनि नगरपालिका

## समूह, समिति, संकलन केन्द्र दर्ता तथा संचालन सम्बन्धी कार्यविधि, २०७६

जैमिनि नगरकार्यपालिकाको बैठकवाट स्वीकृत मिति २०७७६।०९।२५

**प्रस्तावना**

जैमिनि नगरपालिकाको आर्थिक तथा सामाजिक समृद्धिमा टेवा पुर्याउनका लागि जैमिनि नगरपालिकाको कुनै क्षेत्रमा वसोवास गरेका व्यक्तिहरुले सामुहिक रुपमा संगठित भै काम गर्न चाहेमा त्यस्तो समुह/समिति/संकलन केन्द्र/टोल सुधार समिति/महिला समुह  संचालन तथा ब्यवस्थापन गर्न बाञ्छनीय भएकोले जैमिनि नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ३ बमोजिम जैमिनि नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ**

क) यस कार्यविधिलाई जैमिनी नगरपालिकाको "समूह, समिति, संकलन केन्द्र दर्ता तथा संचालन सम्बन्धी कार्यविधि, २०७६" भनिने छ ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "नगर सभा" भन्नाले जैमिनी नगरपालिकाको नगरसभालाई सम्झनु पर्नेछ ।

ख) "कार्यपालिका" भन्नाले जैमिनी नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्नेछ ।

ग) "प्रमुख" भन्नाले जैमिनी नगरपालिकाका नगर प्रमुखलाई सम्झनु पर्नेछ ।

घ) "उपप्रमुख" भन्नाले जैमिनी नगरपालिकाका उपप्रमुखलाई सम्झनु पर्नेछ ।

ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले जैमिनी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्नेछ ।

च) "नगरपालिका कार्यालय" भन्नाले जैमिनी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, कुश्मीसेरा बाग्लुङलाई सम्झनु पर्दछ ।

छ) "वडा अध्यक्ष" भन्नाले जैमिनी नगरपालिका भित्रका आ-आफ्नो वडाका वडा अध्यक्षहरु सम्झनु पर्नेछ ।

ज) "वडा कार्यालय" भन्नाले जैमिनी नगरपालिकाका विभिन्न वडामा निर्वाचित वडा समितिको कार्यालयलाई सम्झनु पर्दछ ।

झ) "वडा सचिव" भन्नाले जैमिनी नगरपालिकाबाट वडा कार्यालयमा सचिवको काम गर्न खटाइएको कर्मचारी सम्झनु पर्दछ ।

ञ) "संगठित समूह" भन्नाले जैमिनी नगरपालिका अन्तरगत वसोवास गर्ने व्यक्तिले यस कार्यविधि बमोजिम दर्ता गर्न चाहेको वा दर्ता भएको समुह/समिति/संकलन केन्द्र/टोल सुधार समिति/महिला समुह आदि सामूहिक संगठनलाई सम्झनु पर्दछ ।

**३. <u>संगठित समूहको उद्देश्य र कार्यक्षेत्र</u>**

क) संगठित समुहको उद्देश्य र कार्यक्षेत्र समूहको विधानमा उल्लेख भए बमोजिम हुनेछ । त्यस्तो उद्देश्य र कार्यक्षेत्र प्रचलित कानूनको परिधि भित्र हुनु पर्नेछ ।

ख) संगठित समूहको कार्यक्षेत्र तथा उद्देश्य थपघट गर्नु परेमा संगठित समूहको भेलाले गरेको निर्णय संलग्न गरी एउटै वडा भित्र भएमा सम्बन्धित वडाको स्वीकृति र एक भन्दा बढी वडा भएमा नगरपालिका कार्यालयको स्वीकृति लिनु पर्नेछ ।

**४. <u>संगठित समूह गठन हुनु पर्ने</u>**

क) समुह निर्माण गर्दा टोल र भौगलिक वनावट एवं बस्ति मिलेको क्षेत्रवाट कम्तिमा ७ घरपरिवार वा सदस्य समेटिने गरी गठन गर्नु पर्नेछ ।

ख) समुह गठन गर्दा ३३ प्रतिशत महिलाको सहभागिता रहनुपर्नेछ ।

**५. <u>सदस्यको लागि योग्यता पुग्नु पर्ने</u>**

संगठित समूहको सदस्य हुनको लागि निम्नानुसारको योग्यता हुनु पर्नेछ:

क) नेपाली नागरीकताको प्रमाणपत्र प्रतिलिपी ।

ख) सबन्धित क्षेत्रको स्थानीय ठेगाना भएको (अस्थाइ भएमा समुहको विधान अनुसार) हुनुपर्ने ।

ग) सबन्धित पेशामा संलग्न भएको हुनुपर्ने ।

घ) कुनै  सागंठनिक / अपराधिक कृयाकलापमा संलग्न नभएको हुनुपर्ने ।

ङ) सवै सदस्यहरुले निस्वार्थ सेवा भावले काम गर्ने प्रतिवद्धता गरेको हुनु पर्ने ।

च) प्रति परिवार १ जना मात्र सदस्य हुन पाउने ।

**६. <u>दर्ता प्रकृया</u>**

क) संगठित समूह दर्ता गर्नका लागि गठन भएका संगठित समूहका सदस्यहरुको प्रारम्भिक भेलाको निर्णय ।

ख) भेलाले गठन गरेको संगठित समूहको प्रथम वैठकमा दर्ता गर्ने निर्णय गरेको हुनु पर्ने ।

ग) समितिमा रहने सदस्यको नागरीकताको प्रतिलिपि संलग्न हुनुपर्ने

घ) वडा कार्यालयको सिफारिश पत्र हुनु पर्ने । एक भन्दा बढी वडा समेटिएको संगठित समूह भएमा समेटिएका सवै वडाहरुको सिफारिश पत्र हुनु पर्ने ।

ङ) दर्ताका लागि निवेदन अनुसुची-१ बमोजिम भएको हुनुपर्ने

च) दर्ता शुल्क रु ५००/- तिरेको रसिद संलग्न हुनुपर्ने

छ) प्रचिलत कानुनको विपरित नहुने गरी तयार गरिएको विधान २ प्रति हुनुपर्ने

ज) संस्थाको आफ्नै छाप र लेटर प्याड हुनुपर्नेछ ।

**७. प्रमाण पत्र प्रदान गर्ने**

क) संगठित समूहले आफ्नो संगठित समूह दर्ता गर्नको लागि आवस्यक कागजात पूरा गरी वडा कार्यालयमा निवेदन दर्ता गरेको एउटा मात्र वडा समेटिएको संगठित समूह भएमा वडा सचिवले ३ दिन भित्र अनुसुची २ बमोजिमको प्रमाण पत्र दिनु पर्नेछ ।

ख) एक भन्दा बढी वडा समेटिएको संगठित समूह भएमा जुन वडामा निवेदन परेको हो, सो वडाले निवेदन परेको दिन मै पेश भएका कागजात रुजु गरी दर्ता प्रकृयाका लागि नगरपालिका कार्यालयमा पठाउनु पर्नेछ ।

ग) आवस्यक कागजात पूरा गरी नगरपालिका कार्यालयमा निवेदन प्राप्त भएको ७ दिन भित्र अनुसूची २ बमोजिमको प्रमाणपत्र प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारिले उपलब्ध गराउनु पर्नेछ ।

**८. नविकरण व्यवस्था**

क) संगठित समूह प्रत्येक वर्ष नविकरण हुनु पर्नेछ

ख) नविकरण हुनका लागि वर्षको कम्तिमा ४ पटक वैठक वसेको हुनुपर्ने

ग) बार्षिक साधारण सभावाट पास भएको ले.प.प्रतिवेदन संलग्न हुनुपर्ने

घ) बार्षिक प्रगति प्रतिवेदन संलग्न हुनुपर्ने

ङ) नगरपालिकाले तोकेको वार्षिक नवीकरण शुल्क जैमिनि नगरपालिकाको आर्थिक ऐनले अन्यथा ब्यवस्था गरेकोमा सोही बमोजिम अन्यथा कम्तिमा रु ३०० बुझाएको प्रमाण संलग्न हुनु पर्ने

च) तोकिएको ढाँचाको निवेदन हुनु पर्ने

**९. उद्देश्य, कार्यक्षेत्र थपघट वा संशोधन**

संगठित समूहको उद्देश्य वा कार्यक्षेत्र वा अन्य कुराहरु संशोधन गर्नु परेमा संगठित समूहको भेलाको निर्णय, समितिको निर्णय जस्ता कुराहरु सहित सम्बन्धित कार्यालयमा निवेदन दिनु पर्नेछ ।

**१०. दर्ता खारेजी**

क) संगठित समूहले प्रचलित कानून बमोजिम कार्य नगरेको भनि उजुरी पर्न आएमा दर्ता गर्ने निकायबाट छानविन गरी तिर्नु बुझाउनु पर्ने हरहिसावको फेहरिस्त तयार गरी तिर्न बुझाउन लगाई प्रमाणका आधारमा सम्बन्धित कार्यालयले खारेज गर्न सकिनेछ ।

ख) संगठित समुहको भेलाले निर्णय गरी खारेजिको माग गरेमा तिर्नु बुझाउनु पर्ने हरहिसावको फेहरिस्त पेश गरी तिर्न बुझाउन लगाई दर्ता गर्ने निकायले खारेज गर्न सक्नेछ ।

**११. कार्यविधि संशोधन**

क) यस कार्यविधिको संशोधन कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

## अनुसुची १

## दर्ता दरखास्तको नमुना

**मिति :**

**श्री ........................................................ज्यू**

**वडा न...................................................**

**जैमिनी नगरपालिका कुश्मीसेरा, बागलुङ ।**

**विषय : ...................................................दर्ता गिरदिनुहुन**

महोदय

हामि देहायका व्यक्ति/ कृषकहरु देहायका विषय खोली देहाय बमोजिमको .................................... .......................................... संस्था दर्ता गरि पाउन निवेदन गर्दछौ । उद्धेश्य अनुरुप ........................... ले तत्काल गर्ने कार्यहरुको योजना र प्रस्तावित ........................................................................ को विधान ......................................प्रति यसै साथ सम्लग्न राखी पेश गरेका छौ ।

समुह/समिती विवरण :

प्रस्तावित समुह/समितिको नाम :

ठेगाना :

उदेश्य :

कार्यक्षेत्र :

सदस्य संख्या :

महिला .................... जना

पुरुष ........................ जना

# अनुसुची २
## समुह/समिति समेतको दर्ता प्रमाण पत्रको नमुना

**वडा न. ................**

**जैमिनी नगरपालिका कुश्मीसेरा, बागलुङ ।**

**विषय : समुह/ समिति दर्ता प्रमाण पत्र**

**दर्ता न.**

जैमिनी नगरपालिका वडा न. ....................... स्थित समुह/ समिति समेतको दर्ता मार्गदर्शन २०७६ बमोजिम ............................................. लाई समुह/ समितिको नाममा दर्ता गरी स्वीकृत साथ यो प्रमाण पत्र प्रदान गरीएको छ ।

| दर्ता / नविकरण मिति | दर्ता / नविकरण गर्ने अधिकारीको नाम | दस्तखत | कार्यालयको छाप |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |